बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# सामाजिक विकास कार्यालय

भैंसेपाटी, ललितपुर

## सामुदायिक पुस्तकालय सवलीकरण अनुदान कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/१०/०४ गते)**

चालु आ.व. २०८२/०८३ मा यस कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत **सामुदायिक पुस्तकालय सवलीकरण अनुदान कार्यक्रम** सञ्चालन हुने भएको हुँदा "सामुदायिक पुस्तकालय सवलीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" को दफा ४ बमोजिमका शर्त पुरा गरेका सामुदायिक पुस्तकालयहरुले प्रस्तावित बजेटको कार्यान्वयन योजना तथा तोकिए बमोजिमका कागजातहरु सहित कार्यविधिको अनुसूची-१ को ढाँचामा यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र (आवेदन दिने अन्तिम मिति २०८२।१०।१८ गते कार्यालय समय भित्र) यस कार्यालयमा पेश गर्न काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका इच्छुक सामुदायिक पुस्तकालयहरुका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कार्यक्रम | क. प्रस्ताव पेश गर्ने सामुदायिक पुस्तकालयले कार्यविधिको दफा ४ बमोजिम पुरा गर्नुपर्ने शर्तहरु |
|---|---|
| सामुदायिक पुस्तकालय सवलीकरण अनुदान कार्यक्रम | १. पुस्तकालय सार्वजनिक (गैर नाफामुलक) र समुदायस्तरबाट व्यवस्थापन भएको हुनुपर्दछ,<br>२. सकेसम्म आफ्नै भवन हुनुपर्ने वा नभए कम्तिमा ५ वर्ष लिजमा लिई पुस्तकालय सम्बन्धी कार्यक्रम सञ्चालन भएको,<br>३. पुस्तकालयको मानव संसाधनका लागि स्थानीय तहबाट वार्षिक रुपमा नियमित अनुदान दिएको प्रमाण पत्र,<br>४. पुस्तकालय व्यवस्थापन समिति गठन भएको र पुस्तकालय नियमित रुपमा सञ्चालन भएको,<br>५. दैनिक सेवा सञ्चालन गर्न कम्तिमा १ जना कर्मचारी व्यवस्था भएको,<br>६. अनुसूची १ बमोजिमको पुस्तकालय सवलीकरण प्रस्तावको साथमा पुस्तकालय व्यवस्थापन समितिको निर्णय, स्थानीय तह र कार्यालयबाट सहकार्य गर्ने गरी स्थानीय तहले गरेको प्रतिबद्धता पत्र पेश गर्नुपर्ने,<br>७. सहकार्यका लागि कार्यालयबाट उपलब्ध गराइने अनुदान रकमबाट पुस्तक, पत्रपत्रिका, विद्युतीय पुस्तकालय सेवा, शैक्षिक सूचना प्रविधि, कम्प्युटर, प्रिन्टर, फोटोकपी, फर्निचर आदी जस्ता क्षेत्रहरुमा उपयोग गर्नुपर्ने छ,<br>८. विगत आर्थिक वर्षमा प्रदेश सरकारबाट यो कार्यक्रम परेका पुस्तकालयहरुले आवेदन गर्न पाइने छैन । |
| | **ख. प्रस्तावनाका साथ पेश गर्नुपर्ने कागजातहरु:**<br>१. प्रस्तावित बजेटको कार्यान्वयन योजना,<br>२. स्थानीय तहले पुस्तकालयलाई वार्षिक रुपमा अनुदान प्रदान गर्ने गरेको भए सो प्रमाण खुलेको कागजात साथै स्थानीय तहबाट कार्यक्रम सञ्चालनका लागि सहकार्य गर्ने प्रतिबद्धता पत्र,<br>३. अन्य संघ संस्थाबाट सहयोग प्राप्त गर्ने गरी सम्झौता भएमा सो सम्झौता पत्रको प्रतिलिपि,<br>४. जग्गाधनी प्रमाण पुर्जा, भोगाधिकार, लिजमा लिएको प्रमाण,<br>५. सामुदायिक पुस्तकालय दर्ता प्रमाण पत्र प्रतिलिपि,<br>६. आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र प्रतिलिपि तथा पुस्तकालय नवीकरण भएको प्रमाण पत्र प्रतिलिपि,<br>७. कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी पुस्तकालय व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि,<br>८. पुस्तकालय रहेको घरको स्वामित्व खुलेको प्रमाण तथा लिजमा भए कम्तिमा ५ वर्षका लागि लिजमा लिएको प्रमाण खुलेको कागजात,<br>९. प्रस्तावनामा उल्लेख गरिएका विवरण पुष्टि हुने थप कागजात तथा तस्वीरहरु,<br>१०. अनुसूची-२ बमोजमको मूल्याङ्कनका सूचकहरुलाई पुष्टि हुने प्रमाणित कागजातहरु । |
| स्पष्टिकरण: म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन । | |

- पुनश्च: सम्बन्धित कार्यविधि लगायत यस सूचनाको विस्तृत जानकारीको लागि यस कार्यालयको वेबसाइट https://sdolalitpur.bagamati.gov.np, **शिक्षा विकास निर्देशनालय, हेटौंडाको वेवसाइट** **edd.bagamati@gmail.com** र सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको वेबसाइट **mosd.bagamati@gmail.com** मा हेर्न सकिनेछ ।

कार्यालय प्रमुख

कार्यालय प्रमुख